**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

# फैसला

२०७९।०८० सालको निर्णय नं. २६६

पुनरावेदन नं. ०७५-RB-०२१०

पुनरावेदन दर्ता मितिः२०७५।१०।२२

**मुद्दाः- आयकर (२०६९/०७०) ।**

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. २ गैह्रिधारा स्थित सनराईज बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य.....................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व विभाग, लाजिम्पाट..........................................................१<br>ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिज्याल

शुरु निर्णय मितिः २०७४।०२।१९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०८।२४

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५।०८।२४ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत करदाताको तर्फबाट पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता सनराईज बैंक लिमिटेडले आर्थिक बर्ष २०६९/०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.४९,५४,८९,३७२।- देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०।०९।२८ आय विवरण पेश गरेको ।

२. करदाताको आ.ब. २०६९।०७० को आयकर विवरणसाथ पेश भएका विवरण तथा कागजातको अध्ययन छानबिन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतका आधारमा आयकर ऐन, २०५८ बमोजिम आयमा कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७४।०१।२२ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।२२ मा जारी भएको सूचना करदाताले मिति २०७४।०१।२६ बुझिलिई सोको जवाफ करदाताले मिति २०७४।०२।१० मा पेश गरेको।

४. करदाताको आ.व. २०६९।०७० को लागि करयोग्य आय रू.४९,९९,५४,२२७।४४ (अक्षरेपी उनान्पचास करोड उनान्सय लाख चौबन्न हजार दुई सय सत्ताइस पैसा चौबालिस मात्र) कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित

कर निर्धारण गर्ने गरी करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।१९ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय ललितपुरले मिति २०७४।०२।१९ मा जारी गरेको आर्थिक वर्ष २०६९।०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता सनराईज बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०४।२३ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौ पेश गरेको निवेदन पत्र।

६. करदाताको **Revised Depreciation Chart** समूह 'ख', 'ग' र 'घ' अर्न्तगत बढी दावी गरेको खर्चलाई आयकर ऐन, २०५८ को दफा २१(१)(च) बमोजिम खर्च कट्टी नपाउने र सोही ऐनको दफा १२०(क) बमोजिम शुल्क समेत गणना गरेको शुरु कार्यालयको निर्णय कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय ।

७. ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेशको क्रममा **Revised Depreciation Chart** अनुसार समूह 'ख', 'ग' र 'घ' अन्तर्गत बढी ह्रास खर्च दावी गरेको भनी उल्लेख गरी त्यस्तो कुनै **Revised Depreciation Chart** नै संलग्न नगरिएको एवं के कुन वस्तु एंव के कुन आधारमा ह्रास खर्च बढी गएको भनी उल्लेख नगरी करदाताले दावी गरेको ह्रास खर्चलाई आयकर ऐन, २०५८ को दफा २१(१)(च) बमोजिम खर्च कट्टी नपाउने र सोही ऐनको दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी शुरु कर कार्यालयबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानर्देशकबाट भएको निर्णय समेत बदर गरी आय विवरण बमोजिम कै आय मानी न्याय गरी पाउँ भन्ने समेत वेहोराको करदाताका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।१०।२२ मा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०४।२२ मा भएको आदेश ।

९. यसमा Revised Depreciation Chart संलग्न गरी सम्पत्ति समूह 'ख', 'ग' र 'घ' मा बढी ह्रास खर्च दावी गरेको उल्लेखित Chart संलग्न नभएको र सम्पत्ति विवरण र सोको कारण सहित उल्लेख गरी सात (७) दिनभित्र माग गरी नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०५।१९ मा भएको आदेश।

१०. आदेशबाट माग भए बमोजिमको उक्त कागजात खोजी कार्य भएकोले प्राप्त हुनासाथ पठाइने व्यहोरा अनुरोध गर्दै हाल सम्मानित न्यायाधिकरणबाट सोधनी भएका विषयमा यकिन जवाफ प्रस्तुत गर्न नसकिएको व्यहोरा अनुरोध छ भन्ने ठूला करदाता कार्यालयको मिति २०७७।३।११ को पत्र मिसिल संलग्न रहेको।

११. यसमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको कर निर्धारण निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५।०८।२४ मा भएको प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय सहितको सक्कल मिसिल झिकाइ आएपछि नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट मिति २०७७।०८।१५ मा भएको आदेश।

१२. यसमा पुनरावेदक करदाताले विवादित कर रकम रु.२०,१९,१८५।८५ को पचास प्रतिशत रकम यस न्यायाधिकरणमा पुनरावेदन गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) बमोजिम धरौटी दाखिला गर्नुपर्नेमा मिसिलबाट त्यस्तो धरौटी रकम दाखिला गरेको नदेखिँदा यो आदेश भएको मितिले १५ दिनभित्र धरौट दाखिला गर्न लगाइ नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०५।२१ मा भएको आदेश।

१३. उक्त आदेश बमोजिम नपुग धरौटी रु.३,४०,५००।— करदाताले बुझाई भौचर मिति २०७९।६।४ को निवेदन साथ पेश हुन आएको।

## ठहर खण्ड

१४. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले कर कार्यालयले आ.व.०६८/०६९ मा संशोधित कर निर्धारण गर्दा कायम भएको ह्रास आधार भन्दा बढी ह्रास खर्च दावी गरेको भनी Revised Depreciation Chart नै संलग्न नगरी गरेको निर्णय त्रुटीपूर्ण हुंदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१५. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर ह्रास खर्च वापत दावी गरिएको रु.४४,६४,८५५।४४ अमान्य गरेको न्यायोचित नरहेको भन्ने सम्बन्धी रहेको देखियो।ठूला करदाता कार्यालयको निर्णय पर्चा हेर्दा यस वर्ष तयार गरिएको Revised Depreciation Chart अनुसार समूह 'ख', 'ग' र 'घ' अन्तर्गत क्रमशः रु.२७,१८,३३०।२१, रु.१३,६२,४९७।८१ र रु.३,८४,०२७।४२ गरी जम्मा रु.४४,६४,८५५।४४ बढी ह्रास खर्च दावी गरेको भन्ने आधार ग्रहण गरेको देखिन्छ। करदाताले कुनै Revised Depreciation Chart संलग्न नगरिएको एवं के कुन वस्तु एवं के कुन आधारमा ह्रास खर्च बढी दावी गरेको भन्ने कुरा नै उल्लेख नभएकोले निर्णयमा न्यायिक मन प्रयोग नभएको भन्ने जिकिर लिएको पाइयो।साथै समूह 'ख' अन्तर्गत समूहीकृत सम्पत्तिलाई समूह 'घ' अन्तर्गत समूहीकृत गरी ह्रास खर्च हिसाब गरेको त्रुटीपूर्ण छ भन्ने जिकिर समेत लिएको देखिन्छ।शुरु कर कार्यालयले आधार ग्रहण गरेको Revised Depreciation Chart मिसिल संलग्न नरहेको, करदातालाई मिति २०७४।१।२२ मा दिएको सूचना साथ पनि उक्त कागजात उपलब्ध नगराइएको र यस न्यायाधिकरणको मिति २०७६।५।१९ को आदेश बमोजिम उक्त Revised Depreciation Chart माग गरिएकोमा ठूला करदाता कार्यालयले मिति २०७७।३।११ को च.नं.६८२ को पत्रबाट यकिन जवाफ प्रस्तुत गर्न नसकिएको भन्ने जवाफ दिई माग गरिएको प्रमाण कागज उपलब्ध गराउन सकेको देखिएन।यस स्थितिमा बिना आधार प्रमाण गरिएको संशोधित कर निर्धारण आदेशलाई न्यायोचित मान्न मिलेन।त्यसैले यस शीर्षकमा भएको प्रत्यर्थी कार्यालयहरुको निर्णय बदर गरी आ.व.२०६८/०६९ मा कायम Depreciation Chart समेत हेरी पुनः संशोधित कर निर्धारण गर्न फाइल शुरु ठूला करदाता कार्यालयमा पठाउनु पर्ने देखियो।

१७. करदाताको अर्को पुनरावेदन जिकिर आ.व.२०६८/०६९ मा अग्रिम कर रु.७,४१,१९,६८२।— अनुसूची १० मा दावी गरेकोमा संशोधित कर निर्धारण हुंदा रु.५,४९,६६,७२२।— मात्र कायम गरी अन्याय गरेको भन्ने सम्बन्धमा रहेको पाइयो। यस सम्बन्धमा करदाताले प्रशासकीय पुनरावलोकनको निवेदनमा विभाग समक्ष समेत

जिकिर लिएकोमा आन्तरिक राजस्व विभागले निर्णयको तेस्रो पृष्ठमा आर्थिक वर्ष २०६८/०६९ मा अग्रिम रु.७,४१,१९,६८२।— अनुसूचीमा दावी गरेको देखिएको र पछि कार्यालयबाट संशोधित कर निर्धारण हुंदा रु.५,४९,६६,७२२।— कायम भएको तथ्य उल्लेख गरेपनि किन कम रकम मात्र मिलान गरेको हो भन्ने सम्बन्धमा कुनै आधार र कारण नै उल्लेख नगरी निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने निष्कर्ष निकालेको देखियो।यसरी करदाताले अग्रिम दाखिल गरेको पुरै रकम मिलान नगर्नुको मनासिव कारण उल्लेख नगरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय न्यायोचित नदेखिंदा बदर गरी करदाताको अभिलेखबाट वास्तविक रुपमा अग्रिम दाखिल भएको रकम यकिन गरी पुनः संशोधित कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालयमा पठाउनु पर्ने देखियो।

१८. जहाँसम्म आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क निर्धारण गरेको मिलेन भन्ने अन्तिम पुनरावेदन जिकिर छ, माथिका प्रकरणहरुमा लेखिए बमोजिम प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय बदर भई पुनः संशोधित कर निर्धारण गर्न पठाउने निर्णय भएकोले यस सम्बन्धमा ठूला करदाता कार्यालयबाट पुनः विचार भई निर्णय हुने नै हुंदा थप विवेचना गरिरहनु परेन।

१९. तसर्थ माथी विवेचित आधार एवं कारण समेतबाट पुनरावेदक करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं.३०२६६९७७०) को आ.व.२०६९/०७० को संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले समूह 'ख' अन्तर्गत वर्गीकृत सम्पत्तिलाई समूह 'घ' अन्तर्गत वर्गीकृत गरी ह्रास खर्च हिसाब गरेको र करदाता बैंकको आ.व.०६८/०६९ मा अग्रिम दाखिला भएको रकमभन्दा कम रकम मात्र आ.व.२०६९/०७० मा मिलान गरेको मिति २०७४।२।१९ को निर्णय र कुनै आधार र कारण बिना सोही निर्णय सदर गर्ने गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको मिति २०७५।८।२४ को निर्णय सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ।अब करदाताको आ.व.०६८/०६९ मा कायम Depreciation Chart र अग्रिम दाखिला रकम समेत यकिन गरी कानून बमोजिम पुनः संशोधित कर निर्धारण गर्नू भनि फाइल ठूला करदाता कार्यालयमा पठाउने ठहर्छ।करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम करदाताको आ.व.०६८/०६९ मा कायम Depreciation Chart र अग्रिम दाखिला रकम समेत यकिन गरी कानून बमोजिम पुनः

संशोधित कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालयमा पठाउने ठहरेकोले यो फैसलाको प्रतिलिपी समेत राखी पुनः संशोधित कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालयमा पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः सनिता लामा
ना.सु. धनपति चम्लागाई
फैसला मितिः-२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप